**सर्वोच्च अदालत, संयुक्त इजलास**

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश श्री नहकुल सुवेदी

**आदेश**

**विषयः उच्च अदालतमा विचाराधीन मुद्दा स्थानान्तरण सम्बन्धमा ।**

**०७८-FN-०७५५ र ०७८-FN-०७५६**

श्यामनारायण दास ........................................................... **निवेदक/वादी**

**विरूद्ध**

मनोजकुमार दास ............................................................... **प्रत्यर्थी/प्रतिवादी**

१. यसमा उच्च अदालत जनकपुर, अस्थाई इजलास वीरगंजमा विचाराधीन अवस्थामा रहेका ०७६-CP-००४३ को जालसाजी मुद्दा र ०७६-DP-०१४६ को हाल साविक, नामसारी, श्रेस्ता अद्यावधिक, टिप्पणी आदेश निर्णय दर्ता बदर मुद्दाका प्रत्यर्थी/प्रतिवादी मनोजकुमार दासलाई सोही अदालतको न्याय क्षेत्र समन्वय समितिको सदस्य पदमा मनोनित गरिएको (तोकिएको) हुँदा न्यायिक निष्पक्षतामा शंका पैदा भएकाले उल्लिखित दुई थान मुद्दा नेपालको संविधानको धारा १३४(२) बमोजिम अर्को उच्च अदालतमा स्थानान्तरण गरी पाउँ भन्ने वादी श्यामनारायण दासको निवेदन माग रहेको देखियो। निज मनोज कुमार दासलाई उच्च अदालत जनकपुर, अस्थाई इजलास वीरगञ्जको न्याय क्षेत्र समन्वय समितिको सदस्य पदमा उच्च अदालत नियमावली, २०७३ को नियम १६६(१) को देहाय (च) बमोजिम मिति २०७८/९/११ को निर्णय अनुसार मनोनयन गर्ने कार्य भएको (तोकिएको) कुरा मिसिल संलग्न उच्च अदालत जनकपुर, अस्थायी ईजलास वीरगञ्जको च.नं. ९७५४ मिति २०७८/९/१२ को पत्रबाट देखिन्छ। यस अवस्थामा उपरोक्त अनुसारको मुद्दा संविधानको धारा १३४(२) मा रहेको प्रावधानका आधारमा निवेदन मागबमोजिम अर्को उच्च अदालतमा

स्थानान्तरण गर्नु (मुद्दा सार्नु) मनासिव हुन्छ वा हुँदैन भन्ने प्रश्नको अहिले निरुपण गर्नु पर्ने हुन आएको छ।

२. उपरोक्त अनुसार पर्न आएको निवेदन उपर सुनुवाई / छलफलको क्रममा निवेदक (वादी) श्यामनारायण दासको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सनद देवकोटाले गर्नु भएको बहस जिकिर समेत सुनियो।

३. एउटा उच्च अदालतमा दायर रहेको मुद्दा अर्को उच्च अदालतमा सार्ने अवस्थाका सम्बन्धमा नेपालको संविधानको धारा १३४ को उपधारा (२) मा **"कुनै उच्च अदालतमा दायर भएको मुद्दामा सुनुवाई हुँदा न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने विशेष परिस्थिति देखिएमा कारण र आधार खुलाई कानून बमोजिम एक उच्च अदालतबाट अर्को उच्च अदालतमा त्यस्तो मुद्दा सारी सुनुवाई गर्न सर्वोच्च अदालतले आदेश दिन सक्नेछ"** भन्ने प्रावधान रहेको देखिन्छ*। उल्लिखित प्रावधान अनुसार कुनै मुद्दा स्थानान्तरण गर्नका लागि मुद्दामा सुनुवाई हुँदा न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने **"विशेष परिस्थिति"** देखिएको अवस्थामा मात्र **"कारण र आधार खुलाई"** एक उच्च अदालतबाट अर्को उच्च अदालतमा मुद्दा सारी सुनुवाई गर्नका लागि यस अदालतबाट आदेश दिन सकिने हुन्छ। प्रस्तुत विवादका सन्दर्भमा **"न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने विशेष परिस्थिति"** के छ भन्ने कुराको पर्याप्त र मनासिब कारण निवेदकले खुलाउन सकेको देखिदैन। मुद्दाका पक्ष अदालतको न्याय क्षेत्र समन्वय समितिको सदस्य पदमा मनोनित भएको र सो समितिको अध्यक्ष मुख्य भई काम गर्ने न्यायाधीश रहने भएको कुरालाई नै मुद्दा स्थानान्तरण गर्ने पर्याप्त कारण अथवा नेपालको संविधानको धारा १३४(२) मा उल्लेख भए अनुसारको **"विशेष परिस्थिति"** मान्न मिल्ने देखिदैन। मुख्य भई काम गर्ने न्यायाधीश बाहेक पनि उच्च अदालत जनकपुर, अस्थायी ईजलास वीरगञ्जमा मुद्दा हेर्न मिल्ने पर्याप्त संख्याका न्यायाधीशहरु कार्यरत रहेको देखिन्छ। यस अवस्थामा अदालतमा कार्यरत सबै न्यायाधीशहरुप्रति शंका र अविश्वास गर्नु मनासिव हुँदैन। न्याय भनेको विश्वास, भरोसा र निष्ठाको बिषय पनि हो। कसैसंग कसैको पहिचान वा कुनै सामान्य सहकार्य हुँदैमा अदालतमा कार्यरत अन्य समग्र

---

* एउटा उच्च अदालतबाट अर्को उच्च अदालतमा मुद्दा सार्न सकिने व्यवस्था न्याय प्रशासन ऐन, २०७३ को दफा २०(१) मा समेत रहेको छ।

न्यायकर्मीहरुप्रति शंका र अविश्वास गर्ने कुरा पनि उचित होईन। यस प्रकारका सामान्य आशंकाजनित कुराका आधारमा मुद्दा सार्ने कार्य गरियो भने यसबाट विविध अनपेक्षित दुष्परिणामहरु पैदा हुने सम्भावना रहने देखिन्छ।

४. विधिशास्त्रीय दृष्टिले हेर्दा पनि अदालतको क्षेत्राधिकार सम्बन्धी विषय महत्वपूर्ण र सम्वेदनशील रहेको देखिन्छ। अदालतको क्षेत्राधिकारको प्रयोग कानूनद्वारा निर्धारण गरिए अनुसार नै हुनु पर्दछ। सामान्यतयाः क्षेत्राधिकारलाई सङ्कुचन वा विस्तार गर्ने कुरा स्वीकार्य बन्दैनन्। कानूनले जे जसरी क्षेत्राधिकारको निर्धारण गरेको छ – यसको प्रयोग पनि सोही अनुसार नै गरिनु पर्दछ। तथापी, यदाकदा केही जटिल वा विशेष परिस्थिति आईपरेको कारणबाट मुद्दा सुनुवाई व्यवस्थापनमा देखा पर्ने कठिनाईलाई व्यवहारिक रुपमा सम्वोधन गर्नका लागि संविधान र कानूनले यस अदालतलाई मुद्दा स्थानान्तरण गर्न सक्ने अख्तियारी दिएको पाइन्छ। यसरी यस अदालतले प्रयोग गर्ने अख्तियारी पनि असीमित वा शर्तरहित भने छैन। यसका लागि मुद्दामा सुनुवाई हुँदा न्यायिक निष्पक्षतामा प्रश्न उठ्ने **"विशेष परिस्थिति"** देखिएको हुनु पर्दछ र सो सम्बन्धी मनासिव **"कारण र आधार"** खुलाउन पनि आवश्यक हुन्छ। त्यस प्रकारको अवस्था प्रस्तुत विवादका सन्दर्भमा देखिन आएन। तसर्थ, निवेदकको माग वमोजिम मुद्दा स्थानान्तरण गर्न (सुनुवाईका लागि अर्को अदालतमा मुद्दा सार्ने आदेश गर्न) मिलेन।

५. निष्पक्षता न्याय सम्पादनको एउटा आधारभूत गुण वा शर्त हो। न्यायाधीशको वैयक्तिक वा सार्वजनिक काम कारवाही, क्रियाकलाप वा व्यवहारबाट निष्पक्षताको कुरामा आशंका पैदा हुने स्थिति आउन दिनु हुँदैन। निष्पक्षतामा शंका पैदा हुने गरी कुनै पनि मुद्दाका पक्षसंगको उठ-बस, सम्पर्क र सहकार्य न्यायाधीशका लागि शोभनीय ठानिदैनन्। न्यायिक मान्यता तथा न्यायाधीशको आचार संहिता अनुसार पनि एउटा विवेकशील पर्यवेक्षकको दृष्टिमा कुनै विवाद निरुपण गर्दा न्यायाधीश निष्पक्ष भई निर्णय गर्न सक्ने अवस्था छैन भन्ने स्थिति भएमा त्यस्तो विवादको निरुपण गर्नबाट न्यायाधीशले आफूलाई अलग राख्नु पर्दछ। यस दृष्टिले हेर्दा निवेदकले उठाएका प्रश्नहरु असान्दर्भिक नै छन् भन्ने अवस्था पनि देखिदैन। उच्च अदालत जनकपुर, अस्थायी ईजलास वीरगञ्जमा विचाराधीन मुद्दाका प्रत्यर्थी/प्रतिवादी मनोजकुमार दासलाई सोही अदालतको न्याय क्षेत्र समन्वय समितिको सदस्यमा मनोनित गर्ने कार्य स्वयममा

अनुचित र त्रुटिपूर्ण देखिन्छ। समन्वय समितिका सदस्य पदमा मनोनयन भएका व्यक्तिले सो समितिमा रहेर कतिपय नीतिगत वा व्यवस्थापन सम्बन्धी बिषयमा भूमिका निर्वाह गर्नुपर्ने अवस्था हुन सक्तछ। निजलाई मनोनयन गर्ने अदालतका मुख्य भई काम गर्ने न्यायाधीश स्वयम् उक्त समन्वय समितिको अध्यक्ष हुने भएबाट निजसंग सहकार्यको अवस्था समेत स्वतः श्रृजना हुन जान्छ। यस अवस्थामा मुद्दाका अर्को पक्षले न्यायिक निष्पक्षता वा स्वच्छताको कुरामा शंका उपशंका गर्ने स्थिति पैदा हुनुलाई अस्वभाविक मान्नु पनि मनासिव हुँदैन।

६. तह-तहका अदालतहरुमा न्याय क्षेत्र समन्वय समितिको व्यवस्था गरी सो समितिमा नागरिक समाजका व्यक्ति समेतको मनोनयन गर्ने व्यवस्था तत् सम्बन्धी अदालतका नियमावलीहरुमा समावेश गरिनुको खास प्रयोजन रहेको छ। यो व्यवस्था न कुनै कोटा-पूर्तिका लागि गरिएको हो, न त मुद्दाका कुनै पक्षलाई मनोनयन गर्नका लागि नियमले अख्तियारी दिएको हो। न्यायिक प्रकृयाको कुरामा नागरिक समाजको तर्फबाट पनि रचनात्मक र सिर्जनात्मक योगदान प्राप्त हुन सकोस, तथा अदालत र नागरिक समाज बीच सम्वाद र सहकार्यको स्थिति बनोस भन्ने समेतका अभिप्राय राखेर त्यस प्रकारको व्यवस्था गरिएको हो। कसैलाई मनोनयन गर्दा सो व्यक्तिको कारणबाट न्यायिक निष्पक्षतामा कुनै प्रकारको प्रश्न खडा हुने अवस्था छ वा छैन? र निजले न्यायिक व्यवस्थापनका कुरामा नागरिक समाजको तर्फबाट कुनै योगदान दिन सक्ने वा नसक्ने के हो? भन्ने जस्ता कुराहरुको समुचित रुपमा विचार गरेर मात्र मनोनयन गरिनु पर्ने हुन्छ। न्याय क्षेत्र समन्वय समितिलाई कुनै पनि अर्थमा न्यायिक निष्पक्षतामा शंका पैदा गर्ने वा न्याय निरोपणको कुरामा प्रभाव पार्ने थलो बनाउन दिने कुरालाई उचित मान्न सकिदैन। समन्वय समितिमा रहेर महत्वपूर्ण योगदान दिन सक्ने ज्ञान, बुध्दि, विवेक, योग्यता र क्षमता भएका मानिसहरु नभएका होइनन्। उनीहरुको सही पहिचान गर्नु मनोनयन गर्ने अधिकारी (न्यायाधीश) को कर्तव्य बन्दछ। व्यक्तिको योग्यता, क्षमता, निष्पक्षता जस्ता कुराको कुनै पारख वा मूल्याङ्कन नै नगरी मनोनयन गरेर कोटा-पूर्ति गर्ने कार्यशैलीले न्याय क्षेत्र समन्वय समितिको अवधारणालाई सकारात्मक रुपमा अगाडि बढाउन सकिदैन। यस पक्षमा सवै तहका अदालतका समन्वय समितिमा नागरिक समाजका व्यक्ति मध्येबाट मनोनयन गर्ने अख्तियारी पाएका न्यायाधीशहरुको गम्भीर ध्यानाकर्षण हुन आवश्यक देखिन आयो।

७. अतः उपरोक्त अनुसारको कारण र आधारहरुबाट यसमा देहाय बमोजिम गर्नु, गराउनु भनी यो आदेश जारी गरिएको छः

क न्याय क्षेत्र समन्वय समितिको सदस्य मनोनयन गर्दा माथि उल्लेख गरिएका समग्र पक्षमा विचार गरी न्यायिक निष्पक्षतामा कुनै प्रकारबाट शंकाको स्थिति पैदा हुन नपाउने कुरालाई समेत दृष्टिगत गरी योग्य, सक्षम, निष्ठावान र विवादरहित व्यक्तिलाई मात्र मनोनयन गर्ने गर्नु, गराउनु; अदालतमा विचाराधीन रहेको मुद्दाका पक्षलाई उक्त समन्वय समितिको सदस्य पदमा मनोनयन गर्ने (तोक्ने) कार्य नगर्नु, नगराउनु भनी उच्च अदालत जनकपुर, अस्थायी ईजलास वीरगञ्ज लगायतका यस अदालत मातहतका सवै उच्च अदालत तथा सवै जिल्ला अदालतहरुमा तत्काल लेखी पठाई दिनू।

ख यस आदेशको माथि प्रकरण (१) मा उल्लेख भए अनुसारको ०७६-CP-००४३ को जालसाजी मुद्दा र ०७६-DP-०१४६ को हाल साविक, नामसारी, श्रेस्ता अद्यावधिक टिप्पणी आदेश निर्णय दर्ता बदर मुद्दामा उच्च अदालत जनकपुर, अस्थायी ईजलास वीरगञ्जका मुख्य भई काम गर्ने न्यायाधीशले सुनुवाई कार्य गर्नु न्यायिक स्वच्छताका दृष्टिले मनासिव नदेखिएको हुँदा मुख्य भई काम गर्ने न्यायाधीश र कानून बमोजिम मुद्दा हेर्न नमिल्ने अवस्थाका अन्य कोही न्यायाधीश भए निज समेत बाहेक हुने गरी अन्य न्यायाधीशहरुको ईजलासबाट उक्त मुद्दामा कानूनबमोजिम सुनुवाई, कारवाही र किनारा गर्नु गराउनु भनी उच्च अदालत जनकपुर, अस्थायी ईजलास वीरगञ्जमा लेखी पठाई दिनू।

ग निवेदन दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

**न्यायाधीश**      **न्यायाधीश**

**इति सम्वत् २०७८ साल फागुन २६ गते रोज ५ शुभम्.............।**